# नेपाल सरकार

**प्रदेश प्रमुख**

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## गणतन्त्र दिवस २०७९ को शुभकामना सन्देश !

नेपाली जनताका प्रतिनिधिमार्फत २०६५, जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक घोषणा गरिएको दिनको स्मरणमा आज हामी, पन्ध्रौ गणतन्त्र दिवस मनाइरहेका छौं । यस महत्वपूर्ण दिनको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई एवं दिदीबहिनीहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै, गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात अमर शहीदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै बेपत्ता, घाईते तथा अपाङ्ग योद्धाहरुमा उच्च सम्मान प्रकट गर्दछु ।

ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को जगमा शाहवंशीय राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य भई जनताको प्रतिनिधि जनता आफैंले छनौट गर्न पाउने लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना भएको पन्ध्रौ वर्षमा प्रवेश गरिरहँदा संविधानसभामार्फत संविधान निर्माण गरी जनताका हक अधिकारहरु सुनिश्चित गरिसकिएको छ । सार्वभौमसत्ता पूर्ण रुपमा जनतामा निहित रही जननिर्वाचित प्रतिनिधिबाट शासन र सरकार सञ्चालन हुने उत्कृष्ट प्रणालीको संस्थागत विकास भएको छ । यो हामी नेपालीका लागि सुखद् र अत्यन्त गौरवको विषय हो । लोकतान्त्रिक गणतन्त्रले हामीलाई अधिकार सम्पन्न मात्र बनाएको छैन, मुलुकमा सुशासन, विकास एवं समृद्दिको आधार समेत तयार गरिदिएको छ । यस व्यवस्थामा हामीले प्राप्त गरेको संघीयता, धर्मनिरपेक्षता, समानुपातिक एवं समावेशीता सहितको संविधानको मर्म र भावनालाई आत्मसात गर्दै समृद्ध राष्ट्रको निर्माण गर्नु हामी सबैको दायित्व बनेको छ ।

नेपाल र नेपालीहरुको उज्ज्वल भविष्यका लागि गणतन्त्रको स्थापनाले जनताको जीवनमा आर्थिक, सामाजिक रुपान्तरणसहितको सभ्य, सुसंस्कृत र समुन्नत समाज निर्माण गर्ने कार्यमा अघि बढ्न सकौं । यस दिवसले हामीलाई राजनीतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक रुपान्तरणका लागि अघि बढ्न समेत प्रेरणा मिलोस् भन्दै गणतन्त्र दिवसका अवसरमा सबैमा पुन : शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद !**

**२०७९ जेठ १५ गते आइतबार ।**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**